# लिसंखु पाखर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

प.सं. : सू.प्र./३/२०/०७७/०७८
च.नं. : २०७

मिति : २०७७/०५/१९

विषय : विवरण उपलब्ध गराउने सम्बन्धमा ।

श्री वडा कार्यालय (सबै) ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालयको प.सं. (प्र)०७७/७८ च.नं. ६६३ मिति २०७७/०५/१९ को पत्रानुसार गृह मन्त्रालय विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखाबाट प्राप्त पत्रमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको सातौं बैठकले गरेका निर्णय साथै विपद् पिडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०७७ बमोजिम मनसुनका कारण पुर्णरूपमा क्षति भएका व्यक्तिगत आवासहरूको पुनर्निर्माण कार्य २०७२ सालको भुकम्प पीडितले पाए सरहको सुविधा प्रदान गरी सोही विधि र प्रक्रिया बमोजिम शहरी विकास मन्त्रालयले गर्ने भनि निर्णय भएकाले यस वर्षको मनसुनसँगै आएको बाढी, पहिरो, डुबान, कटान र पटानबाट हालसम्म जिल्लामा भएका मनसुनजन्य विपद्का घटनाबाट पूर्णरूपमा विस्थापित भई अर्को स्थानमा बस्ने आवास नभई स्थानान्तरण गर्नुपर्ने घरधुरीको यथार्थ विवरण उपलब्ध गराईदिन हुन भनि अनुरोध भई आएको हुँदा उक्त विवरण मिति २०७७/०५/२१ गते भित्र यस कार्यालयमा उपलब्ध गराईदिन हुन अनुरोध छ।

नानी मैयाँ बस्नेत
नि. प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क नं : ०११-६९१११८, ईमेल : lisankhupakharmun@gmail.com, वेब पेज : www.lisankhupakharmun.gov.np